## लक्ष्य अनुरूप सफलता प्राप्त गर्नको लागि स्वार्थको बदला सेवा अर्थ कार्य गर

आज त्रिमूर्ति मिलन हेरिरहनु भएको छ। ज्ञान सूर्य, ज्ञान चन्द्रमा र ज्ञान सिताराहरूको मिलन भइरहेको छ। यो त्रिमूर्ति मिलन यस ब्राह्मण संसारको विशेष मधुबन मण्डलमा हुन्छ। आकाश मण्डलमा चन्द्रमा र सिताराहरूको मिलन हुन्छ। यो बेहदको मधुबन मण्डलमा सूर्य र चन्द्रमा दुवैको मिलन हुन्छ। यी दुवैको मिलनले सिताराहरूलाई ज्ञान सूर्यद्वारा शक्तिको विशेष वरदान मिल्छ र चन्द्रमाद्वारा स्नेहको विशेष वरदान मिल्छ। जसबाट लभ्ली र लाइट हाउस बन्छौ। यी दुवै शक्तिहरू सदा साथ-साथ रहुन्। माताको वरदान र बाबाको वरदान दुवैले सदा सफलता स्वरूप बनाउँछन्। सबै यस्ता सफलताका श्रेष्ठ सिताराहरू हौ। सफलताका सिताराहरू सर्वलाई सफलता स्वरूप बन्ने सन्देश दिनको लागि गइरहेका छौ। कुनै पनि वर्गका आत्माहरू जुन पनि कार्य गरिरहेका छन्, सबैको मुख्य लक्ष्य यही हुन्छ कि हामी आफ्नो कार्यमा सफल होऊँ। र सफलता किन चाहन्छन्, किनकि सम्झन्छन् हामीद्वारा सबैलाई सुख शान्तिको प्राप्ति होस्। चाहे आफ्नो नामको स्वार्थले गर्छन्, अल्पकालको साधनद्वारा गर्छन् तर लक्ष्य स्व प्रति वा सर्व प्रति सुख शान्तिको नै हुन्छ। लक्ष्य सबैको ठीक छ तर लक्ष्य प्रमाण स्व स्वार्थको कारणले धारणा गर्न सक्दैनन् त्यसैले लक्ष्य र लक्षणमा अन्तर हुनाको कारणले सफलता पाउन सक्दैनन्। यस्ता आत्माहरूलाई आफ्नो मुख्य लक्ष्य प्राप्त गर्ने सहज साधन यही सुनाऊ– एउटा शब्दलाई परिवर्तन गर्यौ भने सफलताको मन्त्र प्राप्त हुन्छ। त्यो हो स्वार्थको बदला सर्वको सेवा-अर्थ। स्वार्थले लक्ष्यबाट टाढा गरिदिन्छ। सेवा अर्थ, यस्तो संकल्पले लक्ष्य प्राप्त गर्नमा सहज सफलता प्राप्त गराउँछ। कुनै पनि चाहे लौकिक चाहे अलौकिक कार्य अर्थ निमित्त हुन्छौ, त्यही आ-आफ्नो कार्यमा सन्तुष्टता वा सफलता सहजै पाउन सक्छौ। यो एक शब्दको अन्तरको मन्त्र हरेक वर्गकालाई सुनाउनु।

सारा कलह-कलेश, हलचल, अनेक प्रकारका विश्वको चारै तिरका विवाद यस एक शब्द "स्वार्थ" को कारणले हो त्यसैले सेवा भाव समाप्त भएको छ। जति पनि जुन पनि पेशाका हुन् आफ्नो कार्य सुरू गर्दा के संकल्प गर्छन्? नि:स्वार्थ सेवाको संकल्प गर्छन् तर लक्ष्य र लक्षण हिँड्दा-हिड्दै बदलिन्छ। त्यसैले मूल कारण चाहे कुनै पनि विकार आओस् त्यसको बीज हो "स्वार्थ"। त्यसैले सबैलाई आफ्नो लक्ष्य प्राप्त गर्ने सफलताको चाबी दिएर आउनु। त्यसै पनि मानिसहरूले मुख्य चाबी नै उपहारमा दिन्छन्। त्यसैले तिमीहरू सबै पनि सफलताको चाबी उपहार दिनको लागि गइरहेका छौ, अरू सबै थोक दिन्छन् तर खजानाको चाबी कसैले दिँदैनन्। जुन अरू कसैले दिँदैनन् त्यही तिमीहरूले दिनु। जब सर्व खजानाको चाबी तिनीहरूसँग हुन्छ तब सफलता हुन्छ नै। अच्छा! आज त केवल मिल्नको लागि आएका छौं।

राजतिलक त २१ जन्म मिलिरहन्छ र स्मृतिको तिलक पनि संगमको नाममा संस्कारको दिन बापदादाद्वारा मिली नै सकेको छ। ब्राह्मण हुन् नै स्मृतिको तिलकधारी र देवता हुन् राज्य तिलकधारी। बाँकी बीचको फरिश्ता स्वरूप, त्यसको तिलक हो– सम्पन्न स्वरूपको तिलक, समान स्वरूपको तिलक। बापदादाले कुनचाहिँ तिलक लगाइदिनु हुन्छ? सम्पन्न र समान स्वरूपको तिलक र सर्व विशेषताका मणिहरूले सजिएको ताज। यस्ता तिलकधारी, ताजधारी फरिश्ता स्वरूप सदा डबल लाइटको तख्तनशीन श्रेष्ठ आत्माहरू हौ। बापदादाले यही अलौकिक श्रृङ्गारले उत्सव मनाइरहनु भएको छ, ताजधारी बन्यौ नि? ताज, तिलक र तख्त। यही विशेष उत्सव हो। सबै उत्सव मनाउन आएका छौ नि। अच्छा।

सबै देश र विदेशका सफलताका सिताराहरूलाई बापदादाले सफलताको माला गलामा पहिराइरहनु भएको छ। कल्प-कल्पका सफलताका अधिकारी विशेष आत्माहरू हौ त्यसैले सफलता जन्मसिद्ध अधिकार हरेक कल्पको हो। यही निश्चय र नशामा सदा उडिराख। सबै बच्चाहरूले याद र प्यारको माला हर दिन धेरै स्नेहले विधि पूर्वक बाबालाई पुर्याउँछन्। यसैको नक्कलमा भक्तहरूले पनि सधै माला अवश्य पहिराउँछन्। जो सच्चा लगनमा मगन रहने बच्चाहरू छन्, तिनीहरूले अमृतबेला धेरै राम्रो स्नेहको श्रेष्ठ संकल्पहरूको रत्नहरूको मालाहरू, रूहानी गुलाबका मालाहरू सधै बापदादालाई अवश्य पहिराउँछन्। त्यसैले सबै बच्चाहरूको मालाद्वारा बापदादा सिँगारिनु

हुन्छ। जसरी भक्तहरूले पनि सबै भन्दा पहिलो कार्य आफ्नो ईष्टलाई मालाले सजाउने गर्छन्। पुष्प अर्पण गर्छन्। यसरी नै ज्ञानी तु आत्मा स्नेही बच्चाहरूले पनि बापदादालाई आफ्नो उमंग-उत्साहका पुष्प अर्पण गर्छन्। यस्ता स्नेही बच्चाहरूलाई स्नेहको रिटर्नमा बापदादाले पदमगुणा स्नेहको, वरदानहरूको, शक्तिहरूको माला पहिराइरहनु भएको छ। सबैको खुशीको नाच पनि बापदादाले हेरिरहनु भएको छ। डबल लाइट बनेर उडिरहेका छन् र उडाउने योजना बनाइरहेका छन्। सबै बच्चाहरूले विशेष पहिलो नम्बरमा आफ्नो नाम सम्झेर पहिलो नम्बरमा मेरो याद बाबाद्वारा आएको छ भनेर स्वीकार गर्नु। नाम त अनेक छन्। तर सबै नम्बरवार यादको पात्र छन्। अच्छा–

मधुबनका सबै शक्तिशाली आत्मा हौ नि। अथक सेवाको पार्ट पनि खेल्यौ र स्व अध्यनको पार्ट पनि खेल्यौ। सेवामा शक्तिशाली बनेर अनेक जन्मको भविष्य र वर्तमान बनायौ। केवल भविष्यमात्र होइन वर्तमान पनि मधुबनवालाको प्रसिद्ध छ। त्यसैले वर्तमान पनि बनायौ भविष्य पनि जम्मा गर्यौ। सबैले शारीरीक आराम लियौ। अब फेरि सीजनको लागि तयार भयौ, सीजनमा बिरामी नहुनु, त्यसैले त्यो पनि हिसाब किताब पूरा गर्यौ। अच्छा।

जति पनि आएका छौ सबैलाई चिट्ठा त पर्यो नै। आउनु अर्थात् पदमगुणा जम्मा हुनु हो। मधुबनमा आत्मा र शरीर दुवैको रिफ्रेशमेन्ट हुन्छ। अच्छा।

**भ्राता जगदीशजीसँग:–**सेवामा शक्तिहरूको साथमा पार्ट खेल्नमा निमित्त बन्नु यो पनि विशेष पार्ट हो। सेवाद्वारा जन्म भयो, सेवाद्वारा पालना भयो र सदा सेवामा अगाडि बढ्दै जाऊ। सेवाको सुरूमा पहिलो पाण्डव हुन ड्रामा अनुसार निमित्त बन्यौ त्यसैले यो पनि विशेष सहयोगको रिटर्न हो। सहयोग सदा प्राप्त छ र रहन्छ। हरेक विशेष आत्माहरूको विशेषता हुन्छ। त्यही विशेषतालाई सदा कार्यमा लगाएकोले विशेषताद्वारा विशेष आत्मा बनेका छौ। सेवाको भण्डारमा गइरहेका छौ। विदेशमा जानु अर्थात् सेवाको भण्डारमा जानु हो। शक्तिहरूको साथमा पाण्डवहरूको पनि विशेष पार्ट छ। सदा मौका मिलिरहेको छ र मिलिरहन्छ। यसरी नै सबैमा विशेषता भर्नु।

**मोहिनी दिदीसँग:–**सदा विशेष साथ रहने पार्ट छ। दिलदेखि पनि सदा साथ र साकार रूपमा श्रेष्ठ साथको वरदानी हौ। सबैलाई यही वरदानद्वारा साथको अनुभव गराउनु। आफ्नो वरदानले अरूलाई पनि वरदानी बनाउनु। मेहनत र मोहब्बतमा के हुन्छ? मेहनतदेखि छुट्नु र प्यारमा रहनु- यो सबैलाई विशेष अनुभव होस् त्यसैले गइरहेकी छौ। विदेशी आत्माहरूले मेहनत गर्न चाहँदैनन्, थाकी सकेका छन्। यस्ता आत्माहरूलाई सदाको लागि साथ अर्थात् प्यारमा मगन रहने सहज अनुभव गराउनु। सेवाको मौका पाउनु यो पनि सुनौलो चिट्ठा हो। सदा चिट्ठा लिने सहज पुरुषार्थी हौ। मेहनत र प्यारको अनुभव के हो? यस्ता विशेषता सबैलाई सुनाएर स्वरूप बनाइदिनु। जुन दृड संकल्प गर्यौ त्यो धेरै राम्रो गर्यौ। सदा अमृतबेला यो दृढ संकल्प दोहोर्याउनु। अच्छा।

**पार्टिहरूसँग भेटघाट:–**सदा आफ्नो विशेष पार्टलाई देखेर हर्षित रहन्छौ? सबै भन्दा उंच बाबासँग पार्ट खेल्ने विशेष पार्टधारी हौ। विशेष पार्टधारीका हरेक कर्म स्वत: विशेष हुन्छन् किनकि स्मृतिमा रहन्छ– म विशेष पार्टधारी हुँ। जस्तो स्मृति त्यस्तै स्थिति स्वत: बन्छ। हरेक कर्म हरेक बोल विशेष, साधारणता समाप्त हुन्छ। विशेष पार्टधारीले सबैलाई स्वत: आकर्षित गर्छन्। सदा यो स्मृतिमा रहने गर– मेरो यो विशेष पार्टद्वारा अनेक आत्माहरूले आफ्नो विशेषता जान्नेछन्। कुनै पनि विशेष आत्मालाई देखेर स्वयः पनि विशेष बन्ने उमंग आउँछ। जहाँ रहे पनि जति सुकै मायावी वायुमण्डल होस् तर विशेष आत्मा हरेक स्थानमा विशेष देखिन्छन्। जसरी हीरा माटो भित्र पनि चम्किएको देखिन्छ। हीरा, हीरा नै रहन्छ। त्यसरी जस्तो सुकै वातावरण होस् तर विशेष आत्माले सदा आफ्नो विशेषताद्वारा आकर्षित गर्छन्। सदा याद राख्नु– म विशेष युगको विशेष आत्मा हुँ।

**बम्बई निवासीलाई याद-प्यार:–**

बम्बईमा सबै भन्दा पहिला सन्देश दिनु पर्छ। बम्बईवाला व्यस्त पनि धेरै रहन्छन्। व्यस्त रहनेहरूलाई धेरै समय अगाडि नै सन्देश दिनु पर्छ, नत्र गुनासो गर्ने छन् कि हामी त व्यस्त थियौं तिमीहरूले भन्न पनि भनेनौ त्यसैले तिनीहरूलाई अहिलेदेखि नै राम्रोसँग जगाउनु छ। त्यसैले बम्बईवालालाई भन्नु कि आफ्नो जन्मको विशेषतालाई

सेवामा विशेष लगाउँदै हिँड। यसैबाट सफलता सहज अनुभव गर्ने छौ। हरेकको जन्मको विशेषता छ, त्यही विशेषतालाई केवल हर समय कार्यमा लगाउने गर। आफ्नो विशेषतालाई बाहिर ल्याऊ। केवल भित्र नराख, बाहिर ल्याऊ। अच्छा।

**अव्यक्त मुरलीबाट चुनिएका प्रश्न-उत्तर:–**

**प्रश्न:–** एकाग्रताको शक्तिले कस्तो-कस्तो अनुभूति गराउँछ?

**उत्तर:–**एकाग्रताको शक्तिले मालिकपनको शक्ति आउँछ। जसले १- सहजै निर्विघ्न स्थितिको अनुभव हुन्छ, युद्ध गर्न पर्दैन। २- स्वत: नै एक बाबा दोस्रो न कोही– यो अनुभूति हुन्छ। ३- एकरस फरिश्ता स्वरूपको अनुभूति स्वत: हुन्छ। ४- सर्व प्रति स्नेह, कल्याण, सम्मानको वृत्ति स्वत: रहन्छ।

**प्रश्न:–** ब्रह्मा बाबा समान जसरी सम्पन्नताको समय समीप आउँछ त्यसबेला कुनचाहिँ स्वमान रहन्छ?

**उत्तर:–**फरिश्ता स्थितिको स्वमान। हिँड्दा-डुल्दा फरिश्ता रूप, देहभान रहित। जसरी ब्रह्मा बाबाले कर्म गर्दा, कुराकानी गर्दा, निर्देशन दिँदा, उमंग-उत्साह बढाउँदा पनि देहदेखि न्यारा, सूक्ष्म प्रकाश रूपको अनुभूति गर्यौ। यस्तो लाग्थ्यो जस्तै कुरा गरिरहनु भएको छ तर यहाँ हुनुहुन्न, हेरिरहनु भएको छ तर दृष्टि अलौकिक हुन्थ्यो। देह-भानदेखि न्यारा, अर्कोलाई पनि देहको भान नआओस्, न्यारा रूप देखियोस्, यसलाई भनिन्छ देहमा रहेर पनि फरिश्ता स्वरूप।

**प्रश्न:–** फरिश्ता रूपको साथमा फरिश्ता बनेर वतनमा जानु छ भने कुन कुरामा ध्यान दिने?

**उत्तर:–** मनको एकाग्रतामा। आदेशले मनलाई चलाऊ। जसरी नम्बरवन ब्रह्माको आत्माले साकार रूपमा फरिश्ता जीवनको अनुभव गराउनु भयो र फरिश्ता बन्नु भयो। यस्तो फरिश्तापनको अनुभूति स्वयं पनि गर र अरुलाई पनि गराऊ किनकि फरिश्ता बने विना देवता बन्न सकिँदैन।

**प्रश्न:–**कुनचाहिँ अवस्था वशीभूत अवस्था हो, जुन राम्रो लाग्दैन?

कति बच्चाहरूले भन्छन्– चाहदिनँ, सोच्दिन तर भयो, गर्न नहुने हो तर हुन्छ, यो मनको वशीभूत अवस्था हो। यस्तो अवस्था राम्रो लाग्दैन। गर्नु छ भने मनद्वारा कर्म होस्, गर्नु छैन तर मनले भन्छ– गर। यो मालिकपन होइन।

**प्रश्न:–** कुन कुरामा ब्रह्मा बाबालाई अनुसरण गर्ने?

**उत्तर:–**जसरी ब्रह्मा बाबाले अनुभव गर्नु भयो– सामुन्ने फरिश्ता खडा छ, फरिश्ताले दृष्टि दिइरहेको छ त्यसैगरी ब्रह्मा बाबालाई अनुसरण गर। मनको एकाग्रताको शक्तिले सहजै त्यस्तो फरिश्ता बनाइदिन्छ। अच्छा।

**वरदान:–** ***व्यर्थ वा मायासँग अविद्या (इनोसेन्ट) बनेर दिव्यताको अनुभव गर्ने महान् आत्मा भव***

महान् आत्मा अर्थात् सेन्ट (ज्ञानी) उसलाई भनिन्छ जो व्यर्थ वा मायादेखि इनोसेन्ट (अविद्या) हुन्छ। जसरी देवताहरू यसबाट अविद्या थिए, यस्तै आफ्नो त्यो संस्कार इमर्ज गर, व्यर्थको अविद्या स्वरूप बन किनकि यो व्यर्थको जोशले कहिलेकाहीं सत्यताको होश, यथार्थताको होशलाई समाप्त गरिदिन्छ। त्यसैले समय, श्वास, बोल, कर्म, सबैमा व्यर्थबाट अविद्या बन। जब व्यर्थको अविद्या हुन्छ, दिव्यता स्वत: अनुभव हुन्छ र अनुभव गराउँछ।

**स्लोगन:–** फस्ट डिभिजनमा आउनको लागि ब्रह्मा बाबाको कदममा कदम राख।

**सूचना:–** आज महिनाको तेस्रो आइतबार हो। सबैले संगठित रूपमा साँझ ६.३० देखि ७.३० बजेसम्म अन्तराष्ट्रिय

योगमा सम्मिलित भएर आफ्नो फरिश्ता स्वरूपद्वारा पूरा विश्वलाई शान्तिको सकाश दिने सेवा गर्ने छौं। सारा दिन हिँड्दा-डुल्दा आफूलाई निराकारी आत्मा र कर्म गर्दा फरिश्ता सम्झेर कर्मयोगी बनौं।